आठबीस नगरपालिकाको मिति २०८२ श्रावण १५ गते बसेको सत्रौं नगरसभाको दोस्रो बैठकका निर्णयहरु:

१. सभामा प्रस्तुत भै छलफल भएको आठबीस नगरपालिकाको "आर्थिक ऐन, २०८२" स्वीकृत गर्ने निर्णय गरियो।

२. सभामा प्रस्तुत भै छलफल भएको आठबीस नगरपालिकाको "विनियोजन ऐन, २०८२" स्वीकृत गर्ने।

३. मिति २०८२ श्रावण १५ गते बसेको नगरसभाको दोस्रो बैठकमा प्रस्तुत आठबीस नगरपालिकाको नीति कार्यक्रम तथा बजेटको सम्बन्धमा दफाबार रुपमा छलफल गरी सर्वसम्वतले संसोधन सहित स्वीकृत गर्ने।

४. आठबीस नगर कार्यपालिकाको कार्यालय र नगरकार्यपालिकाले २०८१ श्रावण १ गतेदेखि हालसम्म विभिन्न मितिमा बसेका बैठकका निर्णयहरुको सम्बन्धमा सभामा प्रस्तुत गरी सो सम्बन्धमा समीक्षा गरिएकोमा उल्लिखित सबै निर्णयहरुलाई सभाबाट अनुमोदन गर्ने।

५. यस आठबीस नगरपालिकाको कार्यालय राकमकर्णाली दैलेखबाट मिति २०८१ साउन १ गते देखि हाल सम्म भुक्तानी गरिएको खर्च रकम अनुमोदन गर्ने गर्ने।

६. विभिन्न मन्त्रालय, विभाग र अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालयबाट गरिएका परिपत्र तथा निर्देशनहरुको पुर्ण पालना गर्ने गर्ने।

७. आठबीस नगरपालिकाको मध्यमकालिन खर्च संरचना, आवधिक योजना र राजश्व कार्ययोजना निर्माण गरि लागू गर्ने।

८. यस आठबीस नगरपालिकाको चालु आर्थिक वर्ष २०८२/०८३ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार नगरपालिका भित्र सञ्चालन हुने समपुरक अनुदानका योजनाहरुको लागत साझेदारी सहित र विशेष अनुदानका योजनाहरुको ठेक्का प्रक्रिया अगाडी बढाउने।

९. आ.व. २०८१।०८२ को आय व्ययको सम्बन्धमा बैठकमा समिक्षा गरियो।

१०. यस आठबीस नगरपालिकाको क्षेत्र भित्र पर्ने IEE (प्रारम्भिक बातावरणीय प्रतिवेदन) मा उल्लेख भएको स्थानमा ढुङ्गा, गिट्टी तथा वालुवाको उत्खन्नको लागि ठेक्का बन्दोबस्तीको प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

११. यस आठबीस नगरपालिकाको भौगोलिक विकटता, सेवाग्राहीको बढ्दो चाप, नगर कार्यपालिकाको संगठनको कार्य प्रकृती, कार्यबोझको आधारमा विभिन्न पदमा अस्थायी दरबन्दी सृजना गर्न आवश्यक भएकोले नगरपालिकाको आन्तरिक स्रोतबाट पारिश्रमिक तथा सेवा सुविधा व्यहोर्ने गरी स्थानीय सेवा (गठन तथा संञ्चालन) ऐन, २०८१ को दफा २१ को उपदफा ७ बमोजिम आवश्कतामा आधारित अस्थायी दरबन्दी सृजना गर्नुपर्ने भएकोले संगठन तथा व्यवस्थान (Organization & Management) सर्वेक्षण गर्ने।

१२. भवन निर्माण संहिता पुर्ण रुपमा कार्यान्वयन गर्ने र भू-उपयोग नक्सा तयार गर्न कार्यपालिकालाई निर्देशन गर्ने निर्णय गरियो।

१३. यस आठबीस नगरपालिकाको सेवालाई छिटो र प्रभावकारी बनाउन नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत, प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुख तथा प्रमुख प्रशिसकीय अधिकृत र प्रधानाध्यापक विच कार्यसम्पादन सम्झौता लागू गर्ने।

१४. यस आठबीस नगरपालिकाको कार्यलयमा कार्यरत सूचना प्रविधि अधिकृत श्री शेर वहादुर सिजापतीलाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय स्थानीय शासन सवलीकरण कार्यक्रम कार्यन्वयन इकाई सिंहदरवार काठमाण्डौको पत्र संख्या २०८२/०८३, चलानी नं. ०३ र मिति २०८२/०४/०६ गतेको पत्रानुसार यस आठवीस नगरपालिकाको कार्यालयमा कार्यरत सूचना प्रविधि अधिकृत (अधिकृत सातौं) श्री शेर वहादुर सिजापतिको मिति २०८२ साउन १ गते देखि मिति २०८३ असार मसान्त सम्म म्याद थप गर्ने । लागत साझेदारी वापतको २५% रकम, चाडपर्व खर्च, पोषाक खर्च, स्थानीय भत्ता र महंगी भत्ता यस कार्यालयवाट उपलब्ध गराउने।

१५. यस आठवीस नगरपालिकाको कार्यलयमा कार्यरत रोजगार संयोजक श्री दुर्पती कुमारी माझीको मिति २०८२ साउन १ गते देखि मिति २०८३ असार मसान्त सम्म म्याद थप गर्ने।

१६. यस आठबीस नगरपालिकाको उद्यम विकास शाखा र पञ्जिकरण सेवा इकाईका कार्यरत कर्मचारीहरुको मिति २०८२ साउन १ गते देखि मिति २०८३ असार मसान्त सम्म म्याद थप गर्ने ।